**प्रस्तावहरु:**

१ वडा कार्यालय भवन निर्माणको बोलपत्र सम्बन्धमा ।
२ वाल विकाश नगर खाजा ब्यवस्थापन कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।
३ सडक बोर्डका योनजा सम्बनधमा ।
४ आगामी आर्थिक बर्ष २०७७।७८ का बार्षिक योजना सम्बन्धमा ।
५ गाडी भाडा सम्बन्धामा ।
६ नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको क्वारेन्टईनलाई सहयोग सम्बन्धमा ।
७ मल विउको अनुदान रकम सम्बन्धमा ।
८ केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टोलि गठन सम्बन्धमा ।
९ राहत वितरण सम्बंन्धमा ।
१० राजस्व परामर्श समितिको सदस्य तोक्ने सम्बन्धमा ।
११ क्वारेन्टाईन स्थल तथा वेड थप गर्ने सम्बन्धमा ।
१२ शौचालय निर्माण सम्बन्धमा ।
१३ मोटरसाईकल खरिद सम्बन्धमा ।
१४ कोरोना विमा सम्बन्धमा ।
१५ भोर्लेटार स्यास्थ्य चौकी प्रमुखको भत्ता सम्बन्धमा ।
१६ मर्मत कोष सम्बन्धमा ।
१७ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
१८ गोठ सुधार कार्यक्रम र स्वरोजगार कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नम्वर १**

प्रस्ताव नम्वर १ माथि छलफल गर्दा नगरपालिकाको वडा नं ७ र ९ को कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा जिल्ला समन्वय समितिबाट ६० प्रतिशत र नगरपालिकाबाट ४० प्रतिशत लागत सहभागिता हुनेगरी मिति २०७६।११।२० मा जिल्ला समन्वय समिती र यस नगरपालिका विच भएको संझौता अनुसार भवन निर्माणको लागि विद्युतिय वोलपत्र आब्हान गरि सूचना प्रकाशित भए अनुसार अन्तिम मिति सम्ममा परेका बोलपत्रहरु खोल्दा देहाय अनुसारका बोलपत्रहरु परेको देखियो ।

क) वडा नं ७ को लागि

| | |
|---|---|
| १. भट्टराई विल्डर्स,पोखरा | रु.५२,८५,७४९.९० |
| २. उकाली- वराली निर्माण सेवा, कास्कि | रु.५३,०९,५४९.०० |
| ३. पराजुली कन्सट्रक्सन, भोर्लेटार | रु. ५८,१४,८०७.९० |
| ४. जि.एस. ईन्जिनियरिङ एण्ड विल्डर्स, पोखरा | रु. ५३,७१,०७८.०० |

ख) वडा नं ९ को लागि

१. भट्टराई बिल्डर्स,पोखरा रु.५३,५१,३०४.००

२. उकाली- वराली निर्माण सेवा, कास्कि रु. ५३,२७,०३७.००

३. पराजुली कन्सट्रक्सन, भोर्लेटार रु. ५८,४१,८५२..७२

४. जि.एस. ईन्जिनियरिङ एण्ड बिल्डर्स, पोखरा रु. ५६,४२,२३८.४८

वोलपत्रको सूचना प्रकाशन भएपछी कोभिड १९ को कारण लगातार लकडाउन भएको कारणले बोलपत्रको प्रतिस्पर्धामा सहभागि हुन नपाएको भन्ने केही निर्माण ब्यवसायीको मौखिख गुनासो रहेकोले प्रस्तुत वोलपत्र रद्द गरि पून: वोलपत्रको सूना प्रकाशन गर्ने वा पेश भएका बोलपत्रहरु मध्ये सबैभन्दा कम अंक कवोल गरिएको वोलपत्र दाताको वोलपत्र सदर गर्ने भन्ने सम्बन्धमा आवश्यक निर्णयार्थ कार्पालिका समक्ष पेश भएका वोलपत्रहरु अध्ययन गर्दा लगातार लकडाउनको समय भएपनि दुबै वडा कार्यालय निर्माणको लागि चार-चारवटा बोलपत्रहरु परि प्रतिस्पर्धा भएकै देखिएको र वडा कार्यालय भवन भाडामा लिएर कार्य संचालन गरिएकोले तत्काल वडा कार्यालय भवन निर्माण गरि कार्यालय सार्नुपर्ने अवस्था भएको हुँदा प्रस्तुत वोलपत्र रद्द गरी पून सूचना प्रकाशन गर्दा समय लाग्ने र श्रोत साधनको पनि अनावश्यक रुपमा खर्च हुने देखिएकोले सो सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क) पेश भएका वोलपत्रहरु मध्ये वडा नं ७ को लागि सवै भन्दा कम अंक कवोल गर्ने भट्टराई विल्डर्स,पोखराकोरु. ५२,८५,७४९.९० को बोलपत्र र वडा नं ९ को लागि सवै भन्दा कम अक कवोल गर्ने उकाली- वराली निर्माण सेवा, कास्कि कोरु. ५३,२७,०३७.००को बोलपत्र स्वीकृत गर्ने ।

ख) नगरपालिकाको तर्फबाट हुनुपर्ने लागत सहभागिता रकमको ब्यवस्थाको लागि आगामी आर्थिक बर्ष २०७७।७८ को बार्षिक बजेट तथा कार्यक्रमा समाबेश गर्ने ।

<u>निर्णय नम्बर २</u>

प्रस्ताब नम्बर २ माथि छलफल गर्दा मिति २०७६।०४।२३ गते बसेको कार्यपालिकाको बैठकको निर्णय नम्बर ९ मा चालु आर्थिक बर्षको लागि प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानबाट यस बर्षको बार्षिक योजनामा रहेका बिभिन्न २५ वटा योजना तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय भएको र बाल विकाश नगर खाजा ब्यवस्थापन कार्यक्रम पनि २५ वटा योजना तथा कार्यक्रमहरु भित्र परेकोमा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको चलानी नम्वर १६८ मिति २०७६।०६।१६ को पत्रमा दलित बस्ति निर्माणको एकमात्र योजनामा विशेष अनुदानको सम्पूर्ण रकम राखिएपछि विशेष अनुदानबाट संचालन गर्ने भनिएका २५ बटै योजना तथा कार्यक्रमहरु रकम अभाबको कारण कार्यान्वयन गर्न नसकिएको अवस्था छ । यस नगरपालिका भित्रका सामुदायिक विद्यालयका वालविकासमा अध्ययनरत विद्यार्थीहरुलाई २०७६ साल भदौ देखि चैत्रसम्म प्रतिदिन प्रति विद्यार्थि रु १५।– का दरले खुवाईससकिएको दिवा खाजाको करिव रु १० लाख रकम भुक्तानी गर्नुपर्ने दायित्व नगरपालिकामा रहेकोले उक्त रकम चालु आर्थिक बर्षको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा रहेको खर्च हुन बाँकी र हालसम्म पनि संझौता नभएको जुनसुकै मिल्दो शीर्षकको रकम बाट खर्च गर्ने निर्णय गरियो ।

<u>निर्णय नम्वर ३</u>

प्रस्ताब नम्वर ३ माथि छलफल गर्दा वीसलाख रुपैंयाभन्दा माथिका योजनाहरुको काम वोलपत्रद्धारा गर्नुपर्नेमा चालु आर्थिक बर्षमा सडक वोर्ड नेपाल र नगरमालिकाको लागत सहभागितामा निर्माण हुने देहायका सडक योजनाहरु उपभोक्ता समिति मार्फत काम गर्ने गरी तयार भएको लागत अनुमान सडक वोर्ड नेपालबाट स्वीकृत भई आए अनुसार उपभोक्ता समितिसंग गरिएको संझौतालाई समर्थन गर्ने निर्णय गरियो ।

१ स्वारा-वडा कार्यालय- जुगेपानी सडक, वडा नं. १० (दुबै)

२ चिण्डे-वडा कार्यालय-जिताकोट सडक, वडा नं. १

**निर्णय नम्वर ४**

प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट असार १० गते भित्र नगर सभामा पेश गर्नुपर्ने बाध्यात्मक कानूनी ब्यवस्था रहेकोले सबै वडा कार्यालयहरुले आगामि आर्थिक वर्षामा आ-आफ्नो वडामा संचालन गरिने योजनाहरु नियमानुसार छनोट प्रकृया पुरागरि योजना माग गर्नको लागि तोकिएबमोजिमको फारम भरी जेठ मसान्त भित्र नगरपालिकामा पेश गरिसक्ने र सोको लागि पेश भएको योजना तथा कार्यक्रमको मागफारम समेत स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नम्वर ५**

प्रस्ताब नम्बर ५ माथिछ लफल गर्दा भारत लगायत अन्य राष्ट्रहरुबाट समेत नगरवासीहरु आउने क्रम बढिरहेकोले यसरी आउने ब्यक्तिहरुलाई सीमा क्षेत्र लगायत विभिन्न स्थानबाट ल्याउनको लागि भाडाको गाडी प्रयोग गर्नूपर्ने भएकोले यसरी मानिसहरु ल्याउदा प्रयोग भएका र हुने गाडीको भाडा कोरोना रोकथाम तथा नियन्त्रण कोषबाट भुक्तनी दिने निर्णय गरियो।

**निर्णय नम्वर ६**

प्रस्ताब नम्बर ६ माथि छलफल गर्दा मिति २०७७।०१।२६ गते बसेको जिल्ला विपद् ब्यवस्थापन समितिको बैठकको निर्णय नम्वर ३ मा कोभिड १९ को रोकथाम र नियन्त्रण गर्नका लागि यस जिल्लाको सुन्दर बजार नगरपालिका वडा नं ७ स्थित लमजुङ कृषि क्याम्पस र बेशीसहर नगरपालिकाको वडा नं ७ स्थित सहजीमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको क्वारेन्टाईनको तत्काल ब्यवस्था गर्ने र सोको ब्यवस्थापनको लागि सबै पालिकाहरुबाट एक - एकलाख रुपैंयाको दरले रकम उपलब्ध गराउने भनि भएको निर्णय अनुसार तहाँ पालिका बाट उपलब्ध गराउनुपर्ने रकम क्वारेन्टाईन संचालन तथा ब्यवस्थापन समितिको नाममा राष्ट्रिय बाणिज्य बैंक बेसीशहरमा खोलिएको खाता नं ३०४०००६५३००१ मा जम्मा गरिदिनुहुन अनुरोध छ भनि जिल्ला प्रशासन कार्यालय लमजुङको चलानी नम्बर ५५४५ मिति २०७७।०१।२९ को पत्र प्राप्त भएको र उक्त पत्रबाट माग भएको रकम उपलब्ध गराई समर्थनको लागि कार्यपालिका बैठकमा पेश गर्ने भनि नगर प्रमुखबाट भएको तोक आदेश अनुसार कोरोना रोकथाम तथा नियन्त्रणको लागि स्थापना गरिएको यस नगरपालिकाको विपद् ब्यवस्थापन कोषबाट उपलब्ध गराईएको एकलाख रुपैंयाको समर्थन गर्ने निर्णय गरियो।

**निर्णय नम्वर ७**

प्रस्ताब नम्बर ७ माथि छलफल गर्दा कोभिड – १९ को कारणले हाल कार्यालयमा भिडभाड जम्मा गरि अनुदान रकम वितरण गर्ने कार्य जोखियूक्त हुने भएकाले मिति २०७६।०१।१५ गते बसेको कार्यपालिका बैठको निर्णय अनुसार मल र विउको अनुदान माग गरि वील भर्पाई सहित सम्बन्धित कृषकले हाल सम्म वडा कार्यालयमा दर्ता गराएका निबेदनहरु सम्बन्धित वडा कार्यालयबाट एकमुष्ट सिफारिस प्राप्त भएपछि हाललाई नगरपालिकामा दर्ता गरि राख्ने र आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रममा समाबेश गरि आगामि श्रावण तथा भाद्र महिनामा अनुदान रकम वितरण गर्ने निर्णय गरियो।

## निर्णय नम्वर ८

प्रस्ताब नम्बर ८ माथि छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा स्वीकृत "कोभिड-१९ का लागि केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टिम परिचालन अन्तरिम निर्देशिका, २०७७" को दफा २ बमोजिम यस नगरपालिकामा दुईवटा केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टोली गठन गर्नुपर्ने भएकोले नगरपालिकाको स्वास्थ्य शाखाबाट नामावली प्राप्त भएअनुसार देहायअनुसारको टोलि गठन गर्ने निर्णय गरियो ।

टोली नम्बर १

| | | |
|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत सोतिलाल साह | संयोजक |
| २ | अ न मि अस्मिता न्यौपाने | सदस्य |
| ३ | ल्याव असिस्टेण्ट मनिषा दुरा | सदस्य |

टोलीनम्बर२

| | | |
|---|---|---|
| १ | जनस्वास्थ्य निरिक्षक सूर्यप्रसाद पौडेल | संयोजक |
| २ | अ न मि सुनिता रायमाझी | सदस्य |
| ३ | ल्याव असिष्टेण्ट तारा गुरुङ | सदस्य |

## निर्णय नम्बर ९

प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा मिति २०७६।१२।१२ को कार्यपालिकाको निर्णय अनुसार बाडिएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ४३९ मिति २०७६।१२।१९ को पत्र अनुसार असंगठित क्षेत्रमा कार्यरत मजदुर तथा असहाय ब्यक्ति तथा परिवारलाई वितरण गरिएको राहत सामाग्री खरिद, ढुवानी बापत भुक्तानी गरिएको रकम र क्वारेन्ट्रँईन ब्य रु.३१,१४,९०४।- लाई समर्थन गर्ने र आगामी दिनमा नगरपालिका भित्र कुनै ब्यक्ति तथा परिवारले खानै नपाउने अवस्थाको सिर्जना भएमा सम्बन्धित वडाबाट त्यस्को किटानी सिफारिस प्राप्त भएपछी नगंर प्रमुख, उप प्रमुख र नगरपालिकाको एकजना कर्मचारी सहितको टोलिले स्थलतग रुपमा निरक्षण गर्दा सिफारिसको ब्यहोरा सहि देखिएमा नगरपालिकाले पारित गरेको निर्देशिकामा उल्लखित परिमाण अनुसारको राहत उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नम्बर १०

प्रस्ताव नम्बर १० माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ अनुसार गठित स्थानिय राजस्व परामर्श समितिमा सोही दफाको उपदफा (१) को खण्ड (ग) अनुसार कार्यपालिकाका सदस्यहरु मध्येवाट कार्यपालिकाले तोकेको एजना महिला सहित दुईजना सदस्य रहने ब्यवस्था रहेकोमा ऐन लागु भएपछी उपरोक्त सदस्यहरु कार्यपालिकाले तोक्न बाँकी रहेको देखिएकोले उक्त समितिको सदस्यमा वडा नं. ६ का वडाध्यक्ष श्री विष्णुभक्त पौडेल र कार्यपालिका सदस्य श्री वालकुमारी उचई लाई तोक्ने निर्णय गरियो ।

## निर्णय नम्बर ११

प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा भारत लगायत अन्य राष्ट्रहरुबाट समेत नगरवासीहरु आउने क्रम बढिरहेको र उनिहरुलाई क्वारेन्टाईनमा राखि ब्यवस्थापन गर्नु नगरपालिकाको दायित्व भएको हुँदा आवश्यकता अनुसार हाल भैरहेका क्वारेन्टाईनहरुमा बेड थप गर्ने, अन्य विद्यालय तथा क्याम्पसमा समेत नयाँ क्वारेन्टाईन निर्माण गर्ने र यस्को लागि आवश्यक रकम कोरोना रोकथाम तथा नियन्त्रण कोष बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १२**

प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा ईशानेश्वर क्याम्पसमा नगरस्तरिय क्वारेन्टाईन रहेको तर उक्त स्थानमा शौचालयको अभाभ भएको तथा कम्पाउण्ड वाल नभएको कारणले तारवार समेत लगाउन आवश्यक भएकोले शौचालय निर्माण र तारवारको लागि चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको पाखुरी चोक - रामबजार सडक पिच शिर्षकमा रहेको रकम मध्ये ठेक्का संझौता भई बाँकि रहेको मौजदात रकमबाट पाँचलाख रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १३**

प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा हाल लोकसेवा आयोग बाट प्राविधिक कर्मचारीहरु सिफारिस भई नगरपालिकाबाट नियूक्ति पत्र लिई कार्यालयमा कार्यरत रहेका र कार्यालयमा सवारी साधनको अभाव भएको कारणले कार्य सम्पादनमा कठिनाई भएको हुँदा चालु आर्थिक बर्षको कन्टेन्जेन्सी रकम बाट दुई थान मोटरसाईकल खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १४**

प्रस्ताव नम्बर १४ माथि छलफल गर्दा कोरोनाको जोखिम मोलि अग्रस्थानमा उपस्थित भई काम गर्नुपर्ने जनप्रतिनिधी र कर्मचारीहरुको एकलाख रुपैयाँको कोरोना विमा गर्ने र सोको लागि चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको विमा तथा नविकरण शीर्षकमा रहेको मौजदात रकमबाट भुक्तानी गर्ने तथा नपुग रकम अन्य सामाजिक सहायता शीर्षकको रकम रकमान्तर गरि भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १५**

प्रस्ताव नम्बर १५ माथि छलफल गर्दा ईशानेश्वर क्याम्पसको क्वारेन्टाईनमा रहेका ब्यक्तिहरुको नियमित रुपमा स्वास्थ्य परिक्षण गर्नुपर्ने भएकोले यसरी परिक्षण गरेको प्रत्येक दिनको खाना खाजा भत्ताको रुपमा भोर्लेटार स्वास्थ्य चौकी प्रमुखलाई प्रतिदिन पाँचसय रुपैंया उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नम्बर १६**

प्रस्ताव नम्बर १६ माथि छलफल गर्दा बर्षायाम सुरु भएको र बर्षाको कारणले आउने बाढी पहिरोबाट क्षेतिग्रस्त हुने बाटो, खानेपानी, कुलो लगायतका अन्य संरचनाहरुको तत्काल अबरोध हटाई मर्मत गर्नुपर्ने भएकोले सोको लागि देहाय अनुसार गर्ने निर्णय गरियो ।

१ तीसलाख रुपैयाको मर्मत कोष स्थापना गर्ने ।

२ सोको लागि चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको "सोतिपसल - पाण्डेगाउँ - जिताकोट सडक पिच" र "रम्घा- समिभन्ज्याङ - सुर्यपाल सडक पिच" शीर्षको रकममा ठेकेदार संग संझौता भई मौजदात रहने रकम खर्च गर्ने ।

३ क्षेतिग्रस्त संरचना मर्मतको लागि तथा अबरोध खुलाउनको लागि वडा कार्यालयबाट प्राप्त सिफारिसमा वा अन्य ब्यक्ति तथा संस्था मार्फत प्राप्त क्षतिको तथा अबरोधको सूचनाको आधारमा बास्तविकता बुझि नगर प्रमुखबाट भएको आदेश अनुरसार प्रमुख प्रशासकीय अधिकृतले प्राविधिकबाट लागत अनुमान तयार गरराई तत्काल मर्मत संभार गराउने वा अबरोध हटाउन लगाउने र नियमानुसार प्राप्त विल भर्पाईको भुक्तानी दिई समर्थनको लागि कार्यपालिका बैठकमा मेश गर्ने ।

## निर्णय नम्बर १७

प्रस्ताव नम्बर १७ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यकम मार्फत **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** (सञ्चालन तथा व्यवस्थापन ) कार्यविधी, २०७६ बमोजिम यस आ.व.२०७६/०७७ का लागि श्रम , रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अर्न्तगत शर्शत अनुदानको रुपमा आएको रकम रु ३२,६४,०००(बत्तीस लाख चौसठ्ठी हजार )
लाई मन्त्रालय मार्फत प्राथमिकरण गरी पठाइएका आयोजना सञ्चालानार्थ का लागि यस मध्यनेपाल नगरपालिका का १० वटा वडामा रहेका सुचिकृत बेरोजगारहरुलाई रोजगारीका अवसर प्रदान गर्नका लागि निम्न बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरिएको छ ।

| | |
|---|---|
| १. मध्यनेपाल –१, जिता | ३००००० ( तिन लाख मात्र ) |
| २. मध्यनेपाल –२, तान्द्राङ टक्सार | ३००००० ( तिन लाख मात्र ) |
| ३. मध्यनेपाल –३, सुर्यपाल | ३००००० ( तिन लाख मात्र ) |
| ४. मध्यनेपाल ४, रम्घा | ३००००० ( तिन लाख मात्र ) |
| ५. मध्यनेपाल –५, समिभन्ज्याङ | २५२००० (दुई लाख बाउन्न हजार मात्र ) |
| ६. मध्यनेपाल –६, भोर्लेटार | ४३२००० (चार लाख बत्तीस हजार मात्र ) |
| ७. मध्यनेपाल –७ इशानेश्वर | ४३०००० (चार लाख तिस हजार मात्र ) |
| ८. मध्यनेपाल –८ डढुवा दुर्छा | ३००००० ( तिन लाख मात्र ) |
| ९. मध्यनेपाल –९ बाङग्रे | ३००००० ( तिन लाख मात्र ) |
| १०. मध्यनेपाल –१० नेटा | ३५०००० ( तिन लाख पचास हजार मात्र ) |

जम्मा  बत्तीस लाख चौसठ्ठी हजार मात्र ।

## निर्णय नम्बर १८

प्रस्ताव नम्बर १८ माथि छलफल गर्दा नगर उपप्रमुख गोठ सुधार कार्यक्रम तथा नगर प्रमुख महिला तथा यूवा स्वरोजगार कार्यक्रमलाई आगामी आर्थिक बर्षामा पनि नरन्तरता दिने तथा दर्ता भएका स्वरोजगार तर्फका निवेनहरुका सम्बन्धमा आगामी आर्थिक बर्षको बजेटमा समाबेश गरि आगामी साउन तथा भदौमा छनोट गरि वितरण गर्ने र गोठ सुधार कार्यक्रमको सम्बन्धमा १५ दिने सुचना दिई निवेदन माग गर्ने निर्णय गरियो ।